# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

पर्यटन मन्त्रालयका सचिव श्री ईश्वरीलाल श्रेष्ठ दोस्रो नयाँ जेट विमान हस्तान्तरणसम्बन्धी कागजातमा हस्ताक्षर गरी विमान बुझिलिने सिलसिलामा संयुक्त राज्य अमेरिका जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१)को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री सुवर्णजंग राणालाई मिति २०४५।५।२८ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

अर्थ मन्त्रालयका सचिव श्री लोकबहादुर श्रेष्ठ संघीय गणतन्त्र जर्मनीको पश्चिम बर्लिनमा हुने विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको बैठकसमेतमा भाग लिन जानुभएको र सोही कामको सिलसिलामा अतिरिक्त सचिव श्री शशिनारायण शाह पनि त्यसतर्फ जानुभएकोले सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री मोहनराज शर्मालाई मिति २०४५।५।२९ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना ३

वाणिज्य मन्त्रालयका सचिव श्री दामोदरप्रसाद गौतम व्यापार प्रतिनिधि मण्डलको नेतृत्व गरी चेकोस्लाभाकियातर्फ प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री अरुणचन्द्र प्रधानलाई मिति २०४५।६।१ देखि कायम मुकायम मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।